मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.: ०५३□५५००१७
फ्याक्स नं. ०५३□५५१२१७
वेवसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प.सं.:- २०८०।८१ मिति:-२०८०।०९।०८

च.नं.:- १६५

विषय:- सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री स्थानीय तह सबै
बारा।

प्रस्तुत सम्बन्धमा यस कार्यालयबाट चालू आ.व. २०८०।८१ मा संचालन हुने तपसिल अनुसारका कार्यक्रमका लागि यस बारा जिल्लाका ईच्छुक सेवाग्राहीहरुले आवेदन पेश गर्न प्रकाशित सूचना ताँहा कार्यालयको सूचना पाटीमा टाँस गरि जानकारी गराईदिन हुन व्यहोरा अनुरोध छ।

तपसिल

क.सं.	कार्यक्रमको नाम	
१	व्यवसायिक तरकारी मोडेल खेति कार्यक्रम	
२	व्यवसायिक फलफूल मोडेल खेति कार्यक्रम	
३	कृषि सडक निर्माण कार्यक्रम	
४	प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम	
५	महागढीमाई न.पा. तथा सो सँग जोडिएको पालिकाहरुमा खरिदकर्ताको सहयोगमा पुष्प खेती प्रवर्द्धन कार्यक्रम	
६	मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम	
७	खाद्यान्न बाली (धान तथा गहुँ) को बीउ उत्पादन कार्यक्रम	
८	सार्वजनिक, नीजि साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम	

(राम जीवन ठाकुर)
कृषि प्रसार अधिकृत

CamScanner

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.. ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

सूचना ! सूचना ! सूचना !

प्रथम पटक प्रकाशन मितिः- २०८०।०९।०८गते

यस कृषि ज्ञान केन्द्र बाराको चालू आ.व. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम व्यवसायिक तरकारी मोडेल खेति कार्यक्रम रहेकोले ईच्छुक कृषक/कृषि समूह/सहकारी/कृषिउद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात (२०८०।१०।०८ गते सम्म) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

क्र.सं.	कार्यक्रमको नाम	अधिकतम अनुदान प्रतिशत	लक्षित सेवाग्राही
१	व्यवसायिक तरकारी मोडेल खेति कार्यक्रम	कार्यक्रमको नर्मस बमोजिम	कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी

आवश्यक कागजपत्रहरु

१. सम्बन्धित निकायमा समूह/सहकारी/कृषि उद्यमी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वमित्व खुल्ने कागजात(लालपुर्जा) वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र को प्रतिलिपी।
४. कार्य समितिको निर्णय प्रतिलिपी।
५. व्यक्तीगत कृषकको हकमा पनि PAN नं. अनिवार्य पेश गर्नुपर्नेछ।
६. माथी उल्लेखित बालीको मोडेल खेति कम्तिमा १० कट्ठा क्षेत्रफलमा गर्नुपर्ने छ।

नोटः- यस कार्यालयबाट संचालित पकेट तथा ब्लक कार्यक्रममा सहभागी भएकालाई प्राथमिक्ता दिईने छैन्।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

मधेश प्रदेश सरकार
प्रदेश सभा, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

सूचना । सूचना । सूचना ।

प्रथम पटक प्रकाशन मिति:- २०८०।०९।०८गते

यस कृषि ज्ञान केन्द्र बाराको चालू आ.ब. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम **व्यवसायिक फलफूल मोडेल खेति कार्यक्रम**रहेकोले ईच्छुक कृषक/कृषि समूह/सहकारी/कृषिउद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात (२०८०।१०।०८ गते सम्म) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

क.सं.	कार्यक्रमको नाम	अधिकतम अनुदान प्रतिशत	लक्षित सेवाग्राही
१	व्यसायिक फलफूल मोडेल खेति कार्यक्रम	कार्यक्रमको नर्मस बमोजिम	कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी

आवश्यक कागजपत्रहरु

१. सम्बन्धित निकायमा समूह/सहकारी/कृषि उद्यमी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वमित्व खुल्ने कागजात(लालपुर्जा) वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र को प्रतिलिपी।
४. कार्य समितिको निर्णय प्रतिलिपी।
५. व्यक्तीगत कृषकको हकमा पनि PAN नं. अनिवार्य पेश गर्नुपर्नेछ।
६. माथी उल्लेखित बालीको मोडेल खेति कम्तिमा १० कट्ठा क्षेत्रफलमा गर्नुपर्ने छ।

नोट:- यस कार्यालयबाट संचालित पकेट तथा ब्लक कार्यक्रममा सहभागी भएकालाई प्राथमिक्ता दिईने छैन्।

जितेन्द्र यादव
प्रमुख (कृषि ज्ञान

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं. ०५३-५५१२१७
वेवसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

कृषि सडक निर्माण कार्यक्रम संचालन सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०८)

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६" र "कृषि सडक निर्माण कार्यक्रम प्रविधिक मापदण्ड तथा संचालन विधि २०८०" मा व्यवस्था भए बमोजिम आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्लाका ईच्छुक स्थानीय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनी साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखी अधिकतम २४ फिटसम्म चौडाई भएको निर्धारित लम्बाईमा माटो र ग्रेभल बाटो) निर्माणको लागी तोकिएको ढाँचामा तपसील अनुसारका कागजातहरु सलग्न राखी २०८०।०९।२२ गते कार्यालय समय भित्र सम्म यस कृषि ज्ञान केन्द्र बारा, कलैयामा आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नको लागी यो सुचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेवसाईट https://bara.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

आवश्यक कागजात तथा शर्तहरु

१. कृषि सडक निर्माण अनुदान माँग गर्ने आवेदन फारम।
२. आयोजना प्रस्ताव (फारम नं. २ बमोजिमको ढाँचामा) ।
३. आयोजनाको लागत अनुमानमा साझेदारी अंश (न्यूनतम १५ प्रतिशत हुनुपर्ने) र श्रोत खुलाउनु पर्ने ।
४. कृषि सडक निर्माण हुने जग्गामा बाटो कायम रहेको वा नयाँ निर्माण गर्नुपर्ने खुलाउनु पर्नेछ । यस्तो बाटो नक्शामा बाटो कायम भएको हुनुपर्ने ।
५. उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्बन्धित स्थानीय तहबाट सो उपभोक्ता समिति प्रमाणिकरण भएको हुनुपर्ने ।
६. कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीको हकमा दर्ता /नवीकरण गर्नु पर्ने भए सोको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाण पत्रको प्रतिलिपि,चालु आ.व. को करचुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
७. स्थानीय तह, उपभोक्ता समिति/कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीको हकमा अनुदान माँग गर्ने सम्बन्धमा गरेको निर्यको प्रतिलिपि ।
८. प्रस्तावित जग्गामा कृषि सडक निर्माण गर्न स्वीकृति दिईएको व्यहोरा खुलेको स्थानीय तहको सिफारीश पत्र ।
९. कृषि सडक निर्माणको लागी प्रति आयोजना अधिकतम अनुदान रकम रु २०,००,०००/- (रु बिस लाख मात्र) हुनेछ ।

❖ थप जानकारीको लागी यस कृषि ज्ञान केन्द्र बारा, कलैयाका कृषि प्रसार अधिकृत श्री रामजीवन ठाकुर (मोबाईल नं. ९८६५१०९०९३)लाई सम्पर्क गर्न हुन अनुरोध छ ।

जितेन्द्र

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.. ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रमका लागि खामबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०८

यस कृषि ज्ञान केन्द्र, बाराको चालू आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रमानुसार प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रमक संचालनका लागि यस बारा जिल्लाका ईच्छुक कृषि व्यसायमा संलग्न उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरुले तोकिएको ढाँचामा माँग गरिएको कागजातहरु संलग्न राखी मिति २०८०।१०।०८ गते सम्म कार्यालय समय भित्र खामबन्दी प्रस्ताव पेश गर्न सम्पूर्णमा सूचना आव्हान गरिएको छ। यो कार्यक्रम कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ मा कृयाकलाप अनुसार तोकिएको अनुदान सिमा भित्र रहि संचालन हुनेछ। यस सम्बन्धमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ तथा आवेदनको ढाँचा यस कार्यालयको वेबसाईट http://bara.akc.gov.npबाट प्राप्त गर्न सकिनेछ।

प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक विवरण तथा कागजातहरु

१. कार्यालयले तोकेको ढाँचामा रु. १० को हुलाक टिकट टासिएको परियोजना प्रस्ताव फाराम
२. कृषि व्यवसायमा संलग्न उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरुको दर्ता प्रमाण पत्रको प्रतिलीपि, आ.व. २०७९।८० को कर चुक्ताको प्रमाण पत्रको प्रतिलीपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलीपि, सम्बन्धित संस्थाको प्रस्ताव पेश गर्ने सम्बन्धि निर्णय
३. सम्बन्धित संस्थाको प्रस्ताव पेश गर्न अख्तियारी प्राप्त प्रतिनीधिको नागरिकता प्रमाण पत्रको प्रतिलीपि र अख्तियारी पत्र
४. सम्बन्धित स्थानीय तह तथा कृषि शाखाको आयोजना संचालन सम्बन्धि सिफारिस पत्र
५. परियोजना स्थलको नक्सा र GPS कोड अनिवार्य
६. आफ्नो लगानी अनुपातको प्रतिब्द्धता पत्र
७. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस वर्ष वा गत वर्ष अनुदान नलिएको स्व-घोषणा पत्र
८. कृषि व्यवसायमा संलग्न उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरुको हकमा परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णय प्रतिलीपि

प्रस्ताव सम्बन्धि शर्तहरु

१. एक व्यक्ति वा संस्थाले एउटामात्र प्रस्ताव पेश गर्न पाउने छ।
२. आर्थिक क्षमता नदेखिएका प्रस्तावहरु स्वतः रद्द हुनेछ।
३. थप कागजातहरु माँग गरेमा पेश गर्नुपर्नेछ तथा ती कागजात बुझाउन नसके छनौट/सम्झौता गरिने छैन।
४. रित नपुगेको वा तोकिएको समयमा दर्ता नभएका प्रस्तावहरु स्वतः रद्द हुनेछन।

जितेन्द्र

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

पुष्प खेती प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०८)

आ.व. २०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार महागढीमाई नगरपालिका तथा सो सँग जोडिएका पालिकाहरुमा खरिदकर्ताको सहकार्यमा पुष्प खेती प्रवर्द्धन कार्यक्रम रहेको हुदाँ यस जिल्लाका ईच्छुक कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीबाट दरअस्त आवहानको लागी यो सुचना प्रकाशन गरिएको छ । तोकिएको ढाँचामा तपसील अनुसारका कागजातहरु सलग्न राखी २०८०।०९।२२ गते कार्यालय समय भित्र सम्म यस कृषि ज्ञान केन्द्र बारा, कलैयामा आई पुरने गरी प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।निवेदनको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईट https://bara.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

आवश्यक कागजात तथा शर्तहरु

१. अनुसुची - २ अनुसारको आवेदन ।
२. नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. अनुसुची - ३ अनुसारको लेखिएको प्रस्ताव ।
४. सम्वन्धित स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयूक्त रहेको सिफारीश पत्र र आवशेयक आर्थिक सहयोगको प्रतिवद्धता पत्र ।
५. कृषक समुह/कृषि सहकारी/फर्म/उद्यमी/कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,चालु आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. करार सम्झौता गरेको भए न्यूनतम ५ (पाँच) बर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपि ।
७. पुष्प खेती प्रवर्द्धन कार्यक्रमको लागी कम्तीमा ३ कट्ठा जग्गा हुनुपर्ने ।

❖ थप जानकारीको लागी यस कृषि ज्ञान केन्द्र बारा, कलैयाका कृषि प्रसार अधिकृत श्री रामजीवन ठाकुर (मोबाईल नं. ९८६५१०९०९३)लाई सम्पर्क गर्न हुन अनुरोध छ ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रमको लागि निवेदन आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०।०९।०८)

यस कृषि ज्ञान केन्द्र, बाराको चालू आ.ब. २०८०।८१ मा यस बारा जिल्लामा (सुवर्ण गा.पा., देवताल गा.पा. र सिम्रौनगढ न.पा. बाहेकको पालीकामा)मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम १००० हे. मा संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषि जन्य उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषि सहकारी तथा त्यसका सदस्यहरुले सम्बन्धित कृषि सहकारी मार्फत यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८०।०९।२२) सम्म कार्यालय समय भित्र यस कार्यालयले तोकेको ढाँचामा बवश्यक कागजात सहित निवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धि कार्यविधि "मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम सम्बन्धि मापदण्ड तथा संचालन विधि, २०७९" यस कार्यालयको वेवसाईट https://bara.akc.gov.np बाट प्राप्त गर्न

संचालन हुनेक कृयाकलापहरु

1. चैते तथा वर्षे धानको बीउमा अनुदान
2. स्यालो टयुबवेल (पम्पसेट/मोटर/बोरिङ्ग तथा अन्य साना सिंचाई निर्माण तथा जडान) मा अनुदान
3. प्राङ्गारिक मल/जिङ्क/कृषि चुन/सुक्ष्म तत्व/बायो फर्टिलाईजर तथा बिषादीमा अनुदान
4. कष्टम हायरिङ्ग सेन्टर स्थापना/कृषि यान्त्रिकरणमामा अनुदान
5. आधुनिक धान मिल वा पूरानो मिलको स्तरोन्नतीमा अनुदान
6. माँगमा आधारित अन्य कार्यक्रम

आवश्यक कागजातहरु

1. कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलीपी, आ.ब. २०७९।८० को कर चुक्ता प्रमाणपत्र,PAN/VAT दर्ता प्रमाणपत्र,सम्बन्धित सहकारीले कार्यक्रम माँग सम्बन्धि कार्यकारिणीको निर्णय पेश गर्नुपर्नेछ।
2. सहकारीको हकमा जिम्मेवारी दिई खटाईएको प्रतिनिधीको अख्तियारी पत्र तथा निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
3. सहभागी हुने सहकारीका सदस्यहरुको नागरिकता प्रमाणपत्र तथा जग्गाधनी प्रमाण पत्रको प्रतिलीपी
4. सम्बन्धित स्थानी तहको कृषि शाखाको सिफारिस
5. आवेदनकर्ताले कम्तिमा ५० हे. जग्गामा दुई बाली धान उत्पादन गर्ने प्रतिब्द्धता सहित आवश्यक कागजात पेश गर्नुपर्ने छ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बारा, कलैया

खाद्यान्न बाली (धान तथा गँहु)को बीउ उत्पादन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०८

यस कृषि ज्ञान केन्द्र, बाराकोचालु आ. व. २०८०/८१को स्विकृत कार्यक्रमअनुसार खाद्यान्न बाली (धान तथा गँहु)को बीउ उत्पादन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्नखाद्यान्न बाली(धान तथा गँहु) कोबीउ बिजन उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका ईच्छुक कृषि सहकारी/नीजी फार्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५औ दिन(२०८०/०९/२२) सम्म कार्यालय समय भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु र निवेदनपेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ। सो कार्यक्रमको विस्तृत जानकारी "खाधान बाली (धान तथा गहुँ)को बीउ उत्पादन कार्यक्रम सम्बन्धि प्राविधिक तथा संचालन विधि २०७९"तथा आवेदनको लागि तोकिएको फर्मेटहरु यस कार्यालयको वेवसाइडhttps://bara.akc.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

तपशिल:

१. कृषि सहकारी/फार्म/कम्पनी दर्ता तथा आ.व. २०८०।८१ सम्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
२. लाभान्वित वर्गको बीउबिजनको क्षेत्रमा अनुभव
३. लाभान्वित वर्गको लगानीको सुनिशचीतता
४. लाभान्वित वर्गको बीउबिजनको कारोबार
५. सामाजिक तथा लैङ्गिक सहभागिता
६. प्रस्तावित कार्यक्रमले समेटने क्षेत्रफल/संख्या
७. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो सहकारीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
८. कार्यक्रममा सहभागी हुने कृषकहरुको नामावली तथा जग्गा धनी पूर्जाको प्रतिलिपी
९. आवेदक संस्थाले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent) तथा बैंक statement
१०. कार्यक्रम सचालन गर्ने कार्यतालिका ।
११. अन्य कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

सार्वजनिक, निजी साझेदारीमाकस्टम हायरिङ्ग सेन्टर स्थापना सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०८)

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ तथा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७ अनुसार यस कार्यालयको आ.ब. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम सार्वजनिक, निजी साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रमबमोजिम यस बारा जिल्लामा कृषि यान्त्रीकरण प्रवर्द्धनको लागि कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्न ईच्छुक यस जिल्लाका स्थानीय तह वा कृषि सहकारी संस्था वा कृषि जन्य उद्योगले तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको २२ औं दिन अर्थात २०८०।०९।२९ गते सम्म खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ। आवेदन फाराम यस कार्यालयको वेबसाईट http://bara.akc.gov.npयस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

पेश गर्नुपर्ने विवरण तथा कागजातहरु

१. अनुदान माँग गर्ने आवेदन फाराम (रु. १० को हुलाक टिकट टाँस गरेको)
२. कृषि उद्योगको हकमा दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर लीएको प्रमाण पत्रको प्रतिलिपी, आवेदन दिन अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र । सहकारी संस्थाको हकमा संचालक समितिको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, लेखा परिक्षण तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु।
३. कस्टम हायरिङ्ग सेन्टर छनौटका लागि कृषकहरुलाई पायक पर्ने ठाँउ, चारैतीर तारबार वा पक्की पर्खाल लगाएको, कार्यालय कोठा भएको, यन्त्र उपकरण राख्ने सेड भएको, यन्त्र उपकरणहरुको सहज आवागमन हुन सक्ने र विधुतको उपलब्धता भएको हुनुपर्नेछ।
४. कस्टम हायरिङ्ग सेन्टरको लागि जग्गा (कम्तीमा ५ कट्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गधनीको लालपुर्जा र नक्साको प्रतिलिपीहरु।
५. कस्टम हायरिङ्ग सेन्टरको प्रस्ताव (उद्देश्य औचित्य, जग्गाको क्षेत्रफल (कम्तीमा ५ कट्ठा), जग्गाको स्वामित्वको किसिम (आफ्नै/भाडामा), सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको GPS Code सहितको सामान्य नक्सा तथा माँग गरेको कृषि औजार, यन्त्र, उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन सहित कुल लागत अनुमानको सारांश विवरण)।
६. कस्टम हायरिङ्ग सेन्टरकोलागि चाहिने उपकरणको लागत अनुमान आधिकारिक ईन्जियरबाट तयार गरिएको हुनुपर्नेछ। लागत अनुमानमा साझेदारी अंशको श्रोत खुलाउनुपर्ने।
७. स्थानीय तह वा कृषि जन्य उद्योगको हकमा अनुदान माँग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि।
८. कस्टम हायरिङ्ग सेन्टरको संझिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृती दिईएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस।
९. कृषि ज्ञान केन्द्रले आवश्यक देखेमा स्थानीय तहबाट प्रस्तावित स्थलमा कृषि कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्नुको आवश्यक्ता र औचित्य खुलेको छुटै सिफारिस पत्र र अन्य पुष्टयाई माँग गर्न सक्ने छ।

थप जानकारीको लागि यस कार्यालयका कृषि प्रसार अधिकृत श्री राम जीवन ठाकुर (मो.नं. ९८६५१०९०९३) लाई सम्पर्क गर्न सकिनेछ।

जितेन्द्र [illegible]
प्रमुख (दर्शा [illegible]